# पूर्वाञ्चल विश्वविद्यालय
## परीक्षा व्यवस्थापन कार्यालय
## विराटनगर ।

☎ : ४६१९६५ (Ext.111)
इमेलः puoemgt@puexam.edu.np


मिति : २०८०/११/०६

श्री डाइरेक्टर/क्याम्पस प्रमुख/प्राचार्यज्यू,
**BBA/BFDM/BHM/BHCM शैक्षिक कार्यक्रम अध्यापन गराउने सम्पूर्ण स्कूल/क्याम्पस/कलेजहरु ।**

**विषयः- परीक्षा आवेदन फाराम भराई पठाई दिने बारे ।**

पूर्वाञ्चल विश्वविद्यालयद्वारा व्यवस्थापन संकाय अन्तर्गत सेमेष्टर परीक्षा प्रणाली अनुसार सञ्चालित स्नातक तह ४ वर्षे **BBA/BFDM** शैक्षिक कार्यक्रम **चौथो, छैटौ, आठौ सेमेष्टर, BHM/BHCM** शैक्षिक कार्यक्रम **चौथो, छैटौ सेमेष्टर**को सन् २०२३ मा सञ्चालन गरिने **आंशिक** परीक्षाका लागि **मिति २०८०/११/१७** गते सम्म परीक्षा आवेदन फाराम भराई मिति २०८०/११/२० गते भित्र परीक्षा आवेदन फाराम र नियमानुसारको परीक्षा शुल्क वापतको रकम यस कार्यालयको नविल बैक लि.को CALL A/C 00710017518402 मा जम्मा गरी सो को सक्कलै भौचर कलेज/क्याम्पसका प्रतिनिधि मार्फत पू.वि.परीक्षा व्यवस्थापन कार्यालय, विराटनगरमा उपलब्ध गराउन जानकारी गराइन्छ । सम्वन्धित परीक्षार्थीहरूलाई भराउनु पर्ने परीक्षा आवेदन फाराम थान ________ यसै पत्रसाथ संलग्न गरी पठाइएको छ । **साथै परीक्षा आवेदन फाराम भराई सकेपछि तपसिल बमोजिमको निर्देशनहरु अनिवार्यरुपमा पालन गरि/गराई परीक्षा आवेदन फाराम यस कार्यालयमा उपलब्ध गराउन हुन समेत जानकारी गराईन्छ ।**

**तपसिल**

(१) परीक्षार्थीहरूले परीक्षा आवेदन फाराममा भरेको विवरणको नाम, विषयहरू र अन्य विवरणसमेत पूर्णरूपले रूजु गरी **Batch** छुट्याई परीक्षार्थीको नामअनुसार अंग्रेजी वर्णानुक्रममा मिलाई प्रत्येक **Batch** को छुट्टाछुट्टै अभिलेख तयार गरी पठाउनु पर्नेछ । साथै परीक्षा फाराममा सम्बन्धित विद्यार्थीले भर्नु पर्ने विषय फरक परेमा उक्त विषय सच्याउन प्रति विषय रू ५००/- पू.वि. परीक्षा व्यवस्थापन कार्यालय, विराटनगरमा शुल्क बुझाउनु पर्ने छ ।

(२) **परीक्षा आवेदन फाराममा प्रत्येक परीक्षार्थीले आफ्नो रजिष्ट्रेशन नम्बर अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ । अन्यथा परीक्षार्थीहरूको फाराम स्वीकृत हुने छैन ।**

(३) सम्बन्धित स्कूल/क्याम्पस/कलेजहरूले परीक्षा आवेदन फाराम पठाउँदा परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरूको विषयगत संख्या **(Subject-wise Data)** खुलाई अनिवार्यरूपले **Batch** अनुसार संलग्न गरी पठाउनु पर्नेछ ।

(४) परीक्षा आवेदन फाराममा रहेको तीन वटा फोटोमध्ये पहिलो फोटोमा सम्बन्धित स्कूल/क्याम्पस/कलेजका डाइरेक्टर/क्याम्पस प्रमुख/प्राचार्यले फोटो र फाराममा पर्ने गरी दस्तखत गरी प्रमाणित गर्नुपर्ने र अन्य दुई वटा फोटोमा यस कार्यालयबाट प्रमाणित गरिनेछ ।

(५) परीक्षा आवेदन फारामको पछाडि रहेको सम्बन्धित परीक्षार्थीको हाजिरी प्रतिशत अनिवार्यरूपमा उल्लेख गर्नुपर्नेछ ।

(६) प्रत्येक परीक्षार्थीले प्रत्येक खण्डको छुट्टा छुट्टै परीक्षा आवेदन फाराम भर्नुपर्नेछ । तसर्थ कुनै परीक्षार्थीले कुनै खण्डको नियमित वा आंशिक विषय भरेको परीक्षा आवेदन फाराममा अर्को खण्डको विषय उल्लेख गर्न पाइने छैन । त्यसरी एकभन्दा बढी खण्डका विषय भरी परीक्षा आवेदन फाराम पठाइएमा पहिले परीक्षा हुने खण्डको परीक्षाका लागि मात्र मान्यता दिइनेछ ।

(७) **परीक्षा शुल्क देहाय बमोजिम हुनेछ-**

| विवरण | शुल्क |
|---|---|
| क) **परीक्षा शुल्क** :(२०२० समुह देखिका **नियमित/आंशिक** परीक्षार्थीलाइ) | रू. १५००/- |
| ख) **परीक्षा शुल्क (आंशिक):** (२०१९ समुह सम्म) *१) एक विषय* | रू. ५००/- |
| *२) दुई विषय* | रू. ८००/- |
| *३) दुई भन्दा बढी विषय* | रू. ११००/- |
| ग) **बिलम्ब शुल्कः** | |
| १, तोकिएको म्याद समाप्त भएको मितिले ७ दिन भित्र थप | रू. १०००/- |
| २, परीक्षा शुरु हुनु भन्दा १० दिन अगाडी सम्म | रू. २०००/- |
| ३, परीक्षा शुरु हुनु भन्दा ५ दिन अगाडी सम्म | रू. ३०००/- |

सह-परीक्षा नियन्त्रक

नोटः विलम्व शुल्कको २ र ३ नं. वमोजिम उपरोक्त शैक्षिक कार्यक्रम अनुसार पहिलो दिन सुरुहुने परीक्षालाई परीक्षा सुरु भएको दिन मानिने छ ।